

# सतिसाल जस्तै अटल
# मेनुका काफ्ले



– बलराम गजुरेल

नेकपा एमालेको केन्द्रीय सदस्य, अखिल नेपाल महिला सङ्घको केन्द्रीय उपाध्यक्ष, कमल गाउँपालिकाको प्रथम पालिका अध्यक्ष, कोशी प्रदेशकै एकमात्र महिला अध्यक्ष मेनुका काफ्ले पोखरेल एक जुझारु, क्रियाशील, कर्तव्यनिष्ठ र इमान्दार योद्धा हुनुहुन्छ। उहाँको जीवनशैली अत्यन्त सादगीपूर्ण र विचार उच्च रहेको छ। पञ्चायती कालखण्ड २०४० सालदेखि ४६ सालसम्मको समयमा अत्यन्तै कठिन समयमा पनि पार्टीको पूर्णकालीन कार्यकर्ता भएर पार्टी सङ्गठन विस्तार तथा भावी आन्दोलनको ज्वाराभाटा सिर्जना गर्ने कामको पूर्वतयारी गर्नु चानचुने काम थिएन।

२०३५/३६ सालको विद्यार्थी आन्दोलनले पञ्चायती व्यवस्थाको विरुद्ध जनभावनाले विकसित भएको समयमा ती भावना र विचारलाई पार्टीको झण्डामुनि सङ्गठित गरी जनतालाई गोलबद्ध गर्ने कार्यकर्ताको पंक्ति क्रियाशील बन्दै थियो। २०३७ सालको जनमत सङ्ग्रहबाट विजयी पञ्चायती व्यवस्था भने झन्भन्दा झन् क्रुर र निरङ्कुश बन्दै गइरहेको थियो। आफ्ना विरोधीहरूलाई धरपकट गर्ने, जेल हाल्ने र उस्तै परे बेपत्ता पार्ने सम्मका काम गरिरहेको थियो। त्यस्तो बेलामा पार्टीको कामलाई अगाडि बढाउन र पार्टीका नीति–कार्यक्रमहरू जनता माझ पुऱ्याउन आवश्यक थियो। पञ्चायती निरङ्कुश शासनका विरुद्ध जनतालाई गोलबद्ध गर्न पार्टीलाई कर्तव्यनिष्ठ त्यागी र इमान्दार कार्यकर्ताको खाँचो थियो। त्यही खाँचोलाई परिपूर्ति गर्दै भविष्यको सुन्दर नेपाल निर्माण गर्ने सपना पूर्ण गर्ने इच्छा आकांक्षा र जनताको दुःख कष्टलाई अन्त्य गर्ने र शोषणमुक्त समाजको निर्माणको महान् उद्देश्य बोकेर आफ्नो परिवार, आफ्नो पढाइ, आफ्नो सहज जीवन र पारिवारिक सुख त्याग गरेर पार्टीको झोला बोकेर जनताको माझमा जाने साहसी योद्धाको नाम हो– मेनुका काफ्ले। उहाँ त्यतिबेला मात्र २० वर्षको हुनुहुन्थ्यो।

२०२१ साल असोज १२ गते ताप्लेजुङ जिल्लाको तत्कालीन फाकुम्बा, हालको मौवाखोला गाउँपालिकामा माता खेमकुमारी र पिता नरपति र काफ्लेको

सन्तानको रूपमा जन्मनुभएको काफ्लेको बाल्यजीवन ताप्लेजुङमा नै बित्यो । २०२९ सालमा ताप्लेजुङबाट झापाको महारानी झोडामा बसाइँ सरी आउनुभयो । छ जना सन्तानमध्ये एक्ली छोरी मेनुका सानै उमेरदेखि नै गरिबदुःखीलाई सहयोग गर्नुहुन्थ्यो । कहीँ कसैलाई अन्याय परेको देखे त्यसको प्रतिकार गर्ने गर्नुहुन्थ्यो । कोही भोकै भएको थाहा पाउँदा आफूले नखाई भोकालाई दिने गर्नुहुन्थ्यो । बुढापाका र असहायलाई माया र सम्मान गर्नुहुन्थ्यो । आफूसँग भएको पैसाले सानासाना भाइबहिनीलाई खानेकुरा किनिदिने गर्नुहुन्थ्यो । महिलाहरूका समस्याको बारेमा खोजी गर्ने र समाधान गर्न पहल गर्नुहुन्थ्यो । कोही कसैले अन्याय गरेको देख्दा त्यस्ता व्यक्तिसँग मुकाबिला गर्नुहुन्थ्यो । उहाँको त्यही स्वभावले मुलुक परिवर्तनको महान् कार्यमा होमिने कारण बन्यो । ताप्लेजुङबाट महारानी झोडामा बसाई आएपछि पिता नरपति काफ्लेले उहाँलाई स्कुलचौँन निमाविमा शिशु कक्षामा भर्ना गरिदिनुभयो । उहाँ कक्षा ७ सम्म त्यही विद्यालयमा अध्ययन गर्नुभयो । तिनताक देशमा ०३५/३६ सालको विद्यार्थी आन्दोलनलाई पञ्चायती शासकहरूले क्रुरतापूर्वक दमन गरिरहेका थिए । त्यस दमनको देशव्यापी रूपमा विरोध भइरहेको थियो । मुलुकभर आन्दोलनको आँधीबेहरी चलेको थियो । राजाले जनमत सङ्ग्रह को घोषणा गरे । त्यस समय काफ्लेको उमेर १६ वर्ष थियो । किन बहुदलको हार भयो ? भन्ने कुरा धेरै बुझ्नुभएको थिएन । २०३८ सालमा जनता मावि गौरादमा कक्षा आठमा भर्ना हुनुभयो । त्यसभन्दा अगाडि नै २०३७ साल पुष ११ गते माओ जयन्तीको अवसरमा पारेर उहाँका दाजु दिल्ली काफ्लेले काका, दाइका छोरीहरू पाँच जनाको बिचमा मार्क्सवादी अध्ययन दल गठन गरेर तिमीहरू आजदेखि कम्युनिष्ट भयौ, अब परिवर्तन र महिला मुक्तिका लागि काम गर्नुपर्छ भनेको सम्झदै भन्नुहुन्छ, 'त्यही दिनदेखि मैले सङ्गठित जीवन सुरुआत गरेँ, आज ४३ वर्ष भयो ।' त्यही समयबाट काफ्लेको जीवनले एउटा नयाँ मोड लियो र समाज परिवर्तनको दिशामा मार्क्सवादी दर्शनले नयाँ आलोकतर्फ अग्रसर गऱ्यो ।

मध्यम वर्गीय परिवारको एक मात्र छोरी, आमाबुवा कृषि पेसा गर्नुहुन्थ्यो । परिवारमा खानलाउन कुनै दुःख थिएन । घर पार्टी कमिटीका बैठकहरू बस्ने सेल्टर थियो । घरमा केन्द्रीय स्तरका भूमिगत नेता कार्यकर्ताहरू आउनेजाने क्रम चलिरहन्थ्यो । त्यसकारण उहाँलाई पढाइसँगै पार्टी काम गर्न त्यति धेरै बारबन्देज थिएन । सामाजिक परिवेश त प्रतिकूल नै थियो, तथापि समाज परिवर्तनको महान् लक्ष्यमा अगाडि बढ्ने सन्दर्भमा समाजको प्रतिकूल परिवेशले छेक्न सकेन । 'तपाई के बाट प्रभावित र प्रेरित भई मार्क्सवादी आन्दोलनमा र नेकपा मालेप्रति आकर्षित हुनुभयो ?' भन्ने प्रसङ्गमा उहाँले भन्नुभयो, 'मैले जुन दिन ल्यु हुलानको चित्रकथा पढेँ त्यसैबाट प्रभावित भएँ । त्यो किताब पढ्दा म १४ वर्षको मात्र थिएँ । ल्यु हुलानले चिनियाँ क्रान्तिका लागि गरेको योगदान त्यो उमेरमा पुग्न दुई वर्ष छ भनी मेरो छटपटी बढ्यो । एकातिर मैले त्यस्तो केही गर्न नसक्ने हो कि भन्ने लाग्थ्यो । अर्कोतिर अझ काममा उत्साह आउँथ्यो ।' उत्साहका साथ अगाडि पाएर पार्टी काममा निरन्तर राख्दै जाँदा जिम्मेवारीहरू थपिँदै गए । २०४० सालमा गाउँ स्तरको सक्रिय दलमा सङ्गठित हुनुभयो । २०४१ सालमा कमरेड अष्टलक्ष्मी शाक्य पार्टी कामको जिम्मेवारी लिएर शिशु बोकेर झापा आउनुभयो । छोरा विश्वासलाई छवि श्रेष्ठको घरमा छोडेर सङ्गठनको काममा जुट्नुभएको देखेपछि मेनुकालाई झन् ठुलो प्रेरणा प्राप्त भएको रहेछ । त्यसपछि भने उहाँले पार्टी कामका निम्ति पूर्णकालीन भएर काम गर्नुपर्छ भन्ने मानसिकता तयार गर्नुभयो । त्यस बेलासम्म परिवारमा बसेर पढाइसँगै पार्टी काम गर्दा परिवारको सहयोग नै थियो । भूमिगत भएर घर छोडेर हिँड्न लागेको थाहा पाएपछि परिवारले रोक्न लुगा कपडा लुकाइदिने, पार्टीका सामग्री लुकाइदिने गर्न थाल्नुभयो । ती कुराहरूको प्रतिकार गर्दै विद्रोह गरेर घर छोडी पार्टीको झोला बोकेर काममा हिँड्नुभयो । त्यसबेला झापा जिल्लाको पूर्वीउत्तर नाकाको जिम्मेवारी सम्हाल्न थाल्नुभयो । त्यसबेला आमाले पार्टीका नेताहरूलाई घर फर्काइदिन अनुरोध गर्नुभएको कुरा कमरेड अष्टलक्ष्मीले उहाँलाई भन्नुहुन्थ्यो । २०३७ सालदेखि पार्टीले जनसङ्गठनहरूको पुनर्गठन गरेपछि पार्टीका सम्पूर्ण नीति र कार्यक्रम जनसङ्गठन मार्फत जनताका बिचमा

लाने काम भयो । जसले गर्दा पार्टी नीति र कार्यक्रमहरूलाई जनताका बिचमा लान अलि सहज भयो । मेनुका विद्यार्थी आन्दोलनको समयमा जनता गौरादहको स्ववियु कोषाध्यक्षमा (२०३९) निर्वाचित हुनुभयो भने २०४० सालमा इलाका कमिटी सचिवको जिम्मेवारी सम्हाल्नु भयो । सोही वर्ष काफ्लेले पूर्णकालीन भएपछि एपिजिएको (APGA) सदस्य हुँदै २०४४ सालमा अनेमसङ्घ झापाको सदस्य र २०४५ सालमा अनेमसङ्घ झापाको सचिवको जिम्मेवारी लिनुभयो । २०४६ सालमा मेची अञ्चलको अनेमसङ्घको सचिव समेतको जिम्मेवारी सम्हाल्नुभयो ।

## नेकपा मालेको जिम्मेवारी

२०४७ सालमा झापा जिल्ला कमिटी सदस्य हुनुभयो । २०४८ सालमा अनेमसङ्घको दोस्रो राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्यको जिम्मेवारी प्राप्त गर्नुभयो । २०५७ सालमा अखिल नेपाल महिला संघ झापाको अध्यक्ष भएर नेतृत्व गर्नुभयो । २०५९ सालमा नेकपा एमाले मेची अञ्चल कमिटी सदस्य रहनुभयो । २०६६ सालमा नेकपा एमाले झापा जिल्ला कमिटी उपसचिव बन्नुभयो । २०६७ सालमा नेकपा एमाले राष्ट्रिय परिषद् सदस्य बनी काम गर्नुभयो । २०६९ सालमा भएको अखिल नेपाल महिला सङ्घको राष्ट्रिय सम्मेलनबाट उहाँले केन्द्रीय सचिवको भूमिका निर्वाह गर्नुभयो । २०७७ सालमा अखिल नेपाल महिला संघ, कोशी प्रदेशको संयोजक र सोही सालमा नेकपा एमाले केन्द्रीय कमिटी सदस्यको जिम्मेवारी सम्हाल्दै आउँदा अखिल नेपाल महिला सङ्घको राष्ट्रिय सम्मेलन २०७९ देखि केन्द्रीय उपाध्यक्षको जिम्मेवारीमा हुनुहुन्छ । २०४६ सालको ऐतिहासिक जनआन्दोलनभन्दा अगाडि झापा जिल्लामा पार्टी सदस्य सङ्ख्या ७८ जना रहेको र त्यसमध्ये पनि केही सदस्यले पार्टी कामबाट विदा लिएको हुँदा पार्टीको सङ्गठनात्मक काम गर्ने पूर्णकालीन कार्यकर्ताको आवश्यकता थियो ।

२०४२ सालमै पूर्णकालीन कार्यकर्ता हुनुभएकी मेनुकाले २०४३ सालमा मात्र पार्टी सदस्यता प्राप्त गर्नुभएको थियो । पार्टी सदस्यता प्राप्त गर्नु अहिले जति सजिलो र सरल छ, त्यो कठिन कालखण्डमा त्यति नै कठिन थियो । त्यसबेला पार्टी सदस्यता प्राप्त गर्नु अत्यन्तै गौरवको विषय हुन्थ्यो । धेरै परीक्षाहरू पास गरेर मात्र प्राप्त भएको पार्टी सदस्यताको गरिमा र महत्व बेग्लै थियो । पार्टी सदस्यता प्राप्तिसँगै एक कम्युनिस्ट पार्टीको एक वफादार सिपाहीले निर्वाह गर्नुपर्ने भूमिका निर्वाह गर्न थाल्नुभयो । कामको दौरान कहीँ कतै अलिकति पनि तलमाथि भएमा आलोचना भइहाल्ने र आफूले पनि आत्मालोचना गर्नुपर्ने अवस्था आउँथ्यो ।

पार्टीभित्र त्यसबेला वैचारिक बहस हुन्थे । राजनीतिक वैचारिक रूपमा लामालामा प्रशिक्षण हुन्थे । त्यस बेलाको प्रमुख दुस्मन त्यस बेलाको व्यवस्था हो । अब पञ्चायतलाई ढाल्नु छ भने त्यहीभित्र पसेर तहसनहस पार्नुपर्छ अर्थात् पञ्चायत उपयोग गर्नुपर्छ भन्ने नीति पार्टीले लिएको थियो । त्यसको कार्यान्वयन गर्नु चानचुने कुरा थिएन । जनतालाई सङ्गठित गर्दै सानासाना समुहमा पार्टीको नीतिलाई पुऱ्याउन प्रशिक्षण आवश्यक पर्दथ्यो । यसो गर्न पार्टीले देशव्यापी रूपमा विभिन्न तहका प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्थ्यो । त्यसबेला मेनुकाले आफ्नो क्षेत्रमा पार्टी कार्यकर्ताको बिचमा प्रशिक्षणहरू सञ्चालन गर्नुभयो । धेरै कार्यकर्ताहरू उत्पादन गर्दै सेल्टरहरू निर्माण गरी अगाडि बढ्नुभयो । उहाँले एउटा प्रसङ्ग यसरी सुनाउनुभयो, 'कामको सिलसिलामा बाहुनडाँगी पुगेकी थिएँ । हाम्रो पार्टीको अत्यन्तै बफादार कमरेड नेत्रकुमारी पौडेलसँग भेटभयो । उहाँले मेरो जेठाजुको छोरी २०२२ वर्षको छ । बहुवन जंगल काटेर जानुपर्छ । उसलाई कार्यकर्ता बनाउन सकिन्छ एकपटक भेट गरौं भन्नुभयो । हामी दुई जना शान्तिनगरतिर लाग्यौं । त्यो घर पुगेर बस्न लागेको मात्र थियौं, इलाम जिल्लाबाट माले पार्टीबाट पलायन भएर एउटा व्यक्ति त्यो घरको छोरीसँग मन परापर भएको रहेछ र त्यहीँ आएर लुकेर बसेको रहेछ । त्यस व्यक्तिले मलाई तथानाम गाली गऱ्यो । खान नपाएर हिँडेको बासी भाते तँलाई के थाहा छ, माले पार्टी सकिँदैछ, यस्ता झोलेको कुरा कसले

सुन्ने, पानी पनि खान दिनु हुँदैन आदि इत्यादि कुरा भन्यो र हामीलाई बस्न पनि नदिई पानीसम्म खान नदिई हामीलाई अपमान गऱ्यो । हामी त्यहाँबाट हिँड्यौं र दिउँसो १ बजे पुनः नेत्रकुमारीको घर फर्क्यौं र खाना पकाएर खायौं । त्यस व्यक्तिका कुराले मलाई अत्यन्तै पीडा दियो । म पाँचजना दाजुभाइकी एक्ली चेली एसएलसी सकेर पढ्ने तयारी गर्दै गरेको मान्छे, पार्टी र क्रान्तिका निम्ति किताब थन्काएर हिँडेकी, जसका लागि आफ्नो परिवार छोडेर हिँडेको थिएँ, आज त्यही वर्गबाट यस्तो गाली पाउनु पऱ्यो । मनमा अब म घर फर्कन्छु र अध्ययनलाई अगाडि बढाउँछु भन्ने लाग्यो । त्यस दिन बेलुका साँझमा म धाइजनको सेल्टर भूमिहीन किसान कर्णबहादुर मगरको घरमा आइपुगेँ । म त्यहाँ पुग्दा कर्णबहादुरकी ८० वर्षीय आमा, श्रीमती नानीहरू खुसी हुनुभयो । एक थाल दाल भात र बेल चनाको अचार लिएर म बसेको कुनामा कर्णबहादुर लिएर आउनुभयो । साथमा ८० वर्षकी आमासँगै बस्नुभयो । मैले यति धेरै खाना म खान सक्दिनँ भने । उहाँहरूले मान्नु भएन । नमिठो भएर थोरै खानुभएको भन्ने उहाँहरूलाई परेछ । मैले धेरै अनुरोध गरेर पछि थप्छु भनेर निकालेँ ।

मैले खाना खाँदै गर्दा ८० वर्षको आमाले मलाई एउटा भाले देखाउँदै भन्नुभयो– नानी, ऊ त्यो ठुलो रातो भाले छ नि, त्यो भाले हामीले माले देवतालाई चढाएका हौं । खाना पकाउने छेउमा माटोको घैंटो राखेका छौं । प्रत्येक दिन बिहान बेलुका एकएक मुठी चामल निकाल्छौं । त्यो घैंटो भरिएपछि चामल बिक्री गर्छौं र त्यसबाट पैसा पार्टीलाई बुझाउँछौं । कर्णबहादुरको श्रीमतीले साहुको घरमा धान काट्न गएर ल्याएको ज्यालाले सिरक किनेका छौं भन्नुभयो । ११ वर्षकी सानी छोरीले आज त म फुपुसँग सुत्छु है भनिन् । उहाँहरूको त्यो व्यवहार देखेर र कुरा सुनेर मेरो आँखाबाट आँसु झऱ्यो । वास्तवमा कमरेड कर्णबहादुर जस्ता भूमिहीन गरिब किसानहरूको मुक्तिको निम्ति नै मैले मेरो घरपरिवार, पढाइ सबै छोडेर पार्टीको काम गर्न आएकी छु । दिउँसोको एउटा पार्टीबाट पलायन भएको व्यक्तिबाट गाली खाँदा जुन पीडाबोध भएको थियो, बेलुका कर्णबहादुर मगरको घरमा प्राप्त भएको वर्गीय मायाले त्यो पीडा समाप्त

भयो र पुनः पार्टी काममा अनवरत जुट्ने प्रेरणा प्राप्त भयो । त्यसपछि ममा त्यस्ता विचार कहिले आएनन् ।'

यस्ता अनेकौं घटना भोगेर आउनुभएको कमरेड मेनुकालाई तपाईंका जीवनका अत्यन्त पीडादायी स्मरण र अत्यन्त हर्षका क्षणहरू कसरी स्मरण गर्न चाहनुहुन्छ भन्दा उहाँले आफ्नो अनुभव सुनाउनुभयो । २०४४ साल मङ्सिर २७ गते माईखोलाको बगरमा लक्ष्मी पाण्डेको हत्या गरेको दिन पार्टीको महत्वपूर्ण सामग्री बोकेर दमकबाट धुलाबारी जाँदै गर्दा सुरुङ्गामा लता पर्साई लगायतका साथीहरू हत्यारालाई कारबाही गर वीर सहित अमर रहुन् भनी जुलुस लगाउँदै गरेको देख्दा म के गरौं कसो आफू पनि जुलुसमा सामिल हौ कि जस्तो लाग्यो, २०४४ सालमा पार्टीको कामको सिलसिलामा बाहुनडागी कमरेड यमनाथको घर बाट काकडभिट्टा आउने क्रममा कमरेड इन्द्र बुढाथोकी, कमरेड नेत्रकुमारी पौडेलकी छोरी चित्रा र म साथमा थियौ, निन्दा खोला तर्ने क्रममा मलाई खोलाले बगायो सानी चित्राले मलाई बग्नबाट बचाइन् । नभए त्यहीबेला जीवनलिला समाप्त हुने थियो । उक्त दिनको स्मरण गर्दा पनि आङ सिरिङ्ग हुन्छ ।

२०४५ सालमा बाहुनडाँगी तिलक खड्काको घर पिजिएको बैठक थियो । त्यही क्रममा बैठकमा उपस्थित हुन जाँदै गरेको समयमा जङ्गली हात्तीसँग जम्का भेट भयो । त्यसबेला हात्तीले हमला गरेको भए के गति हुन्थ्यो होला ? २०४५ सालको अन्त्यमा कमरेड लता प्रसाईको घरबाट हामी धाइजन काशिनाथ पौडेलको घर अनेकिसंघको बैठकमा जाँदै थियौं । धाइजनको जंगलमा जंगली अर्नाले दुवैजनालाई आँखा तऱ्यो, कसो कसो गरेर बाँचेर उम्किन सफल भयौं ।

२०४६ सालमा अखिल नेपाल महिला सङ्घको प्रथम सम्मेलन काठमाडौं कीर्तिपुरमा भएको थियो । हामी मेची अञ्चलबाट प्रतिनिधि मेनुका काफ्ले, टिका घिमिरे, विशेश्वरा दाहाल, सुकला गुरुङ, पवित्रा निरौला, विष्णु खड्का सम्मेलनमा सहभागी हुन गएका थियौं । म पहिला पटक काठमाडौं

गएकी थिएँ । कमरेड अमृत बोहराले आउनू, मेचीका महिला कमरेडहरू अनुशासित हुनू भन्नुभएको थियो । हामीलाई निर्देशन भए अनुसार नै काठमाडौँ पुग्यौँ । हामीलाई लिन कमरेड विष्णु रिमाल रत्नपार्क बस स्टेनमा कालोकोट, कालो पाइन्ट लगाएर रातो रुमाल हातमा बोकेर आउनुभएको थियो । गाडीबाट ओर्लिएपछि आँखाका इसाराले हामीलाई संकेत गर्नुभयो । र उहाँका पछिपछि बागबजार द्रोण कोइरालाको कोठामा पुग्यौँ । त्यहाँ कमरेड विद्या भण्डारी र गायत्री आचार्य बस्नुभएको थियो । साँझ परेपछि हामी सबैजना कीर्तिपुर प्रथम राष्ट्रिय सम्मेलन हुने स्थलमा पुग्यौँ । दुई–तीन दिन सम्मेलन चल्यो । विधान, नीति, कार्यक्रम पास भइसकेको थियो । नेतृत्व चयन गर्ने समय भयो । सम्मेलन भएको स्थान खुल्यो । सम्मेलन भएको स्थान छोडेर चाँडोभन्दा चाँडो हिँड्नुपर्ने भयो । हामीलाई कहाँ जाने, कता जाने केही थाहा थिएन । त्यतिबेला सुशीला श्रेष्ठले हामीलाई लिएर बागबजार द्रोणकै कोठामा ल्याएर छोड्नुभएको थियो । झापा फर्किने क्रममा हामीले एउटा फोटो खिचियो । पछि कमरेड अमृतले आलोचना गर्नुभयो र हामीले त्यो फोटो नष्ट गर्‍यौँ ।

२०४६ सालको जनआन्दोलनको तयारी हुँदै थियो । कमरेड अष्टलक्ष्मी र म माघे संक्रान्तिको अघिल्लो दिन साँझमा गएर माईधारमा पर्चा छरेर फर्किंदै थियौँ । त्यो टिपेर हेर्न र मेलामा आएका मानिसलाई पर्चा देखाउन समध्वज कार्कीलाई लगाइएको थियो ।

२०४६ साल चैत्र १२ गते झापा जिल्ला कमिटीको बैठक बसेको स्थानबाट कमरेडहरू अष्टलक्ष्मी शाक्य, इन्द्र बुढाथोकी, बलराम गजुरेल, नारायणसिंह राजवंशी समेत सिङ्गो जिल्ला कमिटी गिरफ्तारीको घटनाले मलाई अत्यन्तै पीडाबोध भयो ।

२०४६ सालको जनआन्दोलनको सुरु फागुन ७ गतेदेखि भयो । आन्दोलनकै तयारीमा फागुन २४ गते ८ मार्च झापाली महिलालाई सडकमा उतार्ने दिन थियो । त्यस दिन पर्चा छर्ने, प्ले कार्ड बोकेर पार्टीका झण्डा

फहराउने आन्दोलनको रूप थियो । पर्चा तयार गर्ने जिम्मेवारी कमरेड इन्द्र बुढाथोकी र मेरो थियो । त्यो पर्चा सिलगुडीमा छपाउनु पर्थ्यो । हामी दुवै जना सिलगुडी गयौँ । एक दिनमा काम सकिएन । दुई दिन बस्नका लागि मैले भ्याइनँ र म एक्लै सिलगुडीबाट पानी ट्याङ्की आउनुपर्ने भयो । पहिलोपटक एक्लै इन्डियाबाट फर्कँदा म डरले काँपेँ । मुटु नै फुट्ला जस्तो भयो । आज जस्तो टेलिफोन मोबाइल हातमा थिएन । मलाई बम्बई त पुऱ्याइँदैन भन्ने जस्तो लाग्यो ।

२०५० साल जेष्ठ १ र २ गते चितवनमा अखिल नेपाल महिला सङ्घको राष्ट्रिय भेला थियो । त्यो भेलालाई सम्बोधन गर्न नेकपा एमालेका महासचिव कमरेड मदन भण्डारी आउने तयारी थियो । म मेरो ठुलो छोरा सानै भएको र बिरामी परेकाले त्यो कार्यक्रममा जान सकेको थिइनँ । जुन समय चितवनको दासढुङ्गामा कमरेड मदन भण्डारी र जीवराज आश्रित चढेको गाडी त्रिशुलीमा खस्यो भनी ३ गते बिहानै रेडियो नेपालले समाचार बजायो । त्यो समयको पीडा म वर्णन गर्न सक्दिनँ ।

अखिल नेपाल महिला सङ्घको केन्द्रीय कमिटीको बैठकमा काठमाडौँ जाँदा वा मेची अञ्चलका तीनवटा पहाडी जिल्लामा सम्मेलन र प्रशिक्षणको लागि जाँदा परेका अप्ठ्याराका क्षणहरू दुःखहरू आफूले मात्र होइन, मेरा छोराहरूले पनि भोगेका छन् ।

२०५४ सालको घटना अखिल नेपाल महिला सङ्घ इलामको जिल्ला सम्मेलन थियो । ८ महिनाको सानो छोरो बोकेर सम्मेलन गर्न इलाम पुगेँ । बिहान सम्मेलन उद्घाटन भयो । त्यसै दिन रातभरिमा सम्मेलन गरी नेतृत्व निर्माण गर्नुपर्ने भयो । बच्चालाई जिविसको हलमा भुइँमा त्रिपाल ओछ्याए त्यसमाथि पातलो थाङ्ना ओछ्याई आफूले ओडेको पछ्यौरा ओडाएर सम्मेलन सताएँ र सम्मेलन समापन गरेँ । यता बच्चालाई चिसो भएछ । चिसोले गर्दा पातलो दिसा गर्न थाल्यो । बिहानै बच्चालाई बोकेर झापा फर्केँ । त्यसपछि बच्चाको उपचारमा लागेँ । डाक्टरले पनि

क्रान्तिका निम्ति दुःख पाएका छन् । झापाबाट केन्द्रीय कमिटीको बैठकमा एक्लै जाँदा एक वर्षको बच्चा सँगै हुन्थ्यो । आफूलाई दिसापिसाब लाग्दा उसलाई गाडीमा नै छोडेर जानुपर्थ्यो । बच्चा कहिले सिटबाट भुइँमा लडेको हुन्थ्यो । काठमाडौँ र झापाको हावापानी नमिलेर बिरामी हुन्थ्यो । साथीहरूले आफ्नो कोठामा लाने अवस्था हुँदैन थियो । बैठकमा काठमाडौँ पुगेर फर्कँदा मनमा निराशा पनि आउँथ्यो । काम गर्ने जोस जाँगर मर्थ्यो । झापा फर्केपछि भने क्रमशः सबै निराशा हराउँथे ।

२०४६ साल चैत्र २६ गते ११ बजे राति भोइस अफ अमेरिका रेडियोले नेपालमा राजनीतिक दलहरूमाथि लागेको प्रतिबन्ध फुकुवा गरेको घोषणा गऱ्यो । त्यो दिन सबैभन्दा खुसीको दिन थियो । यही दिन ल्याउन घरपरिवार, पढाइ सबै छोडेर हिँडेको हुनाले त्यो दिनको प्रतिक्षा थियो । अब बन्दी साथीहरू छुट्नु हुनेछ भनेर खुसीको सिमा रहेन ।

२०४८ सालमा देशमा नै पहिलो पटक आफ्नै जमिनमा नेकपा एमाले तोपगाछी गाउँ कमिटीले पार्टी कार्यालय निर्माण गऱ्यो । कार्यालय उद्घाटन गर्न तत्कालीन महासचिव कमरेड मदन भण्डारी तोपगाछी आउनुभएको थियो । त्यो कार्यक्रममा आएर एकरात यतै बसेर पुनः आफ्नो डेरा बिर्तामोड फर्कँदा आफ्नो कोठामा चोर पसेर भएको सबै सामान लगेछ । कोठामा पुग्दा एक सरो फेर्ने कपडा पनि थिएन । मेनकाका भोगाइ यस्ता छन् ।

मेनुका काफ्लेले आफ्नो बिहेको सन्दर्भ मा घटेका रोचक घटना सुनाउनुभयो । २०४५ साल माघ १६ र माघ २१ गते गरी दुई पटक विवाह भयो । कमरेड अष्टलक्ष्मीले तपाईंको विवाह गर्ने समय भयो भनेर भन्नुभयो । त्यसका लागि झापामा नै भूमिगत रहेर काम गरिरहेको कमरेड चन्द्र पोखरेल हुनुहुन्छ । तपाईंले उहाँसँग विवाह गर्नू, सबै हिसाबले उपयुक्त हुन्छ । त्यसका लागि एकपटक भेट गर्नुहोला भन्नुभयो । २०४५ सालको भाद्रमा अखिल नेपाल महिला सङ्घ जिल्ला कमिटीको बैठक कमरेड

गणेश श्रेष्ठको घरमा भएको थियो । त्यही हाम्रो बैठक हुनुभन्दा अगाडि मेनुका र चन्द्रको भेट भयो । त्यसपछि कमरेड चन्द्र आफ्नो क्षेत्रतर्फ लाग्नुभयो । विवाह हुनुपूर्व दुई–चार पटकको भेटघाट र कुराकानीपछि विवाहको निष्कर्ष निस्क्यो । पार्टीमा विवाहको लागि स्वीकृति लिन निवेदन लेखियो । त्यसपछि पार्टीले आफ्नो आयोजनामा माघ १६ गते प्रेमबहादुर राईको घरमा भूमिगत रूपमा विवाह गरिदियो । विवाह समारोहको प्रमुख अतिथि कमरेड अमृत बोहरा, अष्टलक्ष्मी शाक्य, देवराज घिमिरे लगायत जिल्लाका भूमिगत कार्यकर्ताको सहभागिता थियो । परिवारको तर्फबाट दाजु चिन्तामणि काफ्ले हुनुहुन्थ्यो । उहाँले परिवारका लागि खुला विवाहको प्रस्ताव राख्नुभयो । प्रशासनिक दमनको सम्भावनाका बिच होसियारीका साथ विवाह गर्ने अनुमति पाएपछि २०४५ साल माघ २१ गते दमक कृष्ण मन्दिरमा प्रशासनका आँखा छल्दै विवाह सम्पन्न भयो । मेरा आफन्तहरू बर–बधु कता जान्छन् भन्ने जिज्ञासामै थिए । हामी कृष्ण मन्दिरबाट उर्लाबारी गयौँ । त्यहाँ सानो होटलभित्र पसेर र सिन्दुर टिका धोइयो । मैले लगाएको पोते खोलेर ब्यागमा राखेँ । आफन्तले देख्लान् भनेर रिक्साको पर्दा झारेर कृष्ण खड्का र कमला घिमिरेकासाथ भन्ने पूर्वतिर लाग्यौँ । दमक आएपछि हामी कृष्ण खड्कालाई लिएर गेउरिया तारा काफ्लेको घरमा पुग्यौँ । दुई दिन त्यहाँ बसेर आफ्नो कार्य क्षेत्रतर्फ लाग्यौँ । हामीलाई विवाहमा दिएका उपहारहरू पार्टीलाई बुझायौँ । सफल परिवारका निम्ति आफ्नो जीवनसाथीबाट प्राप्त हुने आदर, प्रेम, विश्वास र समझदारी जस्ता भावनात्मक पक्षहरू महत्वपूर्ण हो ।

**संसदीय मोर्चा**

संसदीय मोर्चामा मेनुका काफ्लेका अनुभव र योगदानका क्षेत्र यी हुन् :

- २०६४ सालमा भएको संविधानसभाको निर्वाचन झापा क्षेत्र नम्बर २ मा नेकपा एमालेका तर्फबाट प्रत्यक्ष उम्मेदवार भएको ।

- २०७४ को स्थानीय तहको निर्वाचनमा कमल गाउँपालिकाको अध्यक्ष भएको । २०७४ मा गाउँपालिका राष्ट्रिय महासंघको केन्द्रीय उपाध्यक्ष निर्वाचित भएको ।

**वैदेशिक भ्रमण**

कमरेड मेनुका काफ्लेले २०५१ सालमा भारत र बंगलादेश भ्रमण गर्नुभयो भने २०७० मा पार्टीको तर्फबाट चीन भ्रमण गर्ने मौका प्राप्त गर्नुभयो । यसैगरी स्थानीय प्रमुखको हैसियतले जाइका नेपालको निमन्त्रणामा जापान भ्रमण र गाउँपालिका राष्ट्रिय महासंघको उपाध्यक्षको हैसियतमा स्थानीय तहहरूको अन्तर्राष्ट्रिय सम्मेलन मा भाग लिन दक्षिण अफ्रिका भ्रमण गरी अनुभवहरू बटुल्नुभएको छ ।

यसरी २०३७ सालदेखि निरन्तर पार्टी कार्यमा क्रियाशील कमरेड मेनुका काफ्लेको पार्टी जीवन ४३ वर्षको भएको छ । पार्टीको काम अर्थात् समाज रूपान्तरणको काम त्यति सरल छैन । अत्यन्त वक्ररेखामा हिँड्ने समाज रूपान्तरित हुन त्यति सहज छैन । सामन्ती अवस्थाबाट भर्खरै मात्र प्रारम्भिक अवस्थाको पुँजीवादी अर्थतन्त्र भएको समाजमा एउटी महिलाले आफ्नो सम्पूर्ण परिवार, सुख, सुविधा र शिक्षालाई समेत तिलाञ्जली दिई राजनीतिमा होमिनु चुनौतीपूर्ण काम हो । आफ्नो २० वर्षको युवा उमेरबाट निरन्तर राजनीतिमा लागिरहनु चानचुने विषय होइन ।

हरेक आँधीबेहरीमा सतिसालझैँ ठिङ्ग उभिरहने योद्धा कमरेड मेनुका काफ्लेका आगामी दिन अझ प्रगतिमय होऊन् ।

●